नेपाल सरकार

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च. नं.:-

## प्रेस विज्ञप्ति

### भोटेकोशी बाढीबाट भएको क्षतिको वीमा दावी भुक्तानी सहजिकरण सम्बन्धमा।

हालै भोटेकोशी नदीमा आएको विनाशकारी बाढीका कारण जलविद्युत आयोजना, भौतिक पूर्वाधार, सवारी साधन, कृषि तथा निजी सम्पत्तिमा हुन पुगेको अपुरणीय क्षति र यसवाट प्रभावित क्षेत्रका वीमित तथा लगानीकर्ताहरूको आर्थिक पुनरुत्थान र क्षतिपूर्तिका लागि वीमा दावी भुक्तानी प्रक्रियालाई थप सरल, पारदर्शी, न्यायोचित र द्रुत गतिमा अगाडि बढाउने सम्वन्धमा अर्थ मन्त्रालयले विशेष तदारुकता देखाएको छ। माननीय अर्थ मन्त्री ज्यू को उपस्थितिमा मन्त्रालयका उच्च अधिकारीहरू, नेपाल वीमा प्राधिकरण, वीमा कम्पनीहरू, पुनर्विमा कम्पनी तथा सर्भेयर संघका प्रतिनिधिहरूबीच छलफल सम्पन्न भएको छ।

भोटेकोशी क्षेत्रका करिब ९०० मेगावाट क्षमताका जलविद्युत आयोजनाहरूको झण्डै १८० अर्ब रुपैयाँ लगानी रहेको र अन्य पूर्वाधार तथा सवारी साधनका क्षेत्रमा समेत ठूलो क्षति भएको प्रारम्भिक आँकलन गरिएको छ। प्रभावित क्षेत्रका ब्यावसायको बीमा दावि भुक्तानी लाई सहजीकरण गर्न वैठकमा देहायका विषयहरुमा छलफल गरीयो :

१. वास्तविक र प्रमाणिक दावीलाई विना झन्झट तत्काल फर्स्यौट गर्न र जलविद्युत लगायतका ठूला पूर्वाधारको पुनर्निर्माण कार्य तत्काल सुरु गर्न आवश्यक पेश्की भुक्तानी (Interim/Advance Payment) दिने व्यवस्था गर्ने ।
२. सर्भेयर परिचालन कार्यलाई पारदर्शी र निष्पक्ष बनाउन नेपाल वीमा प्राधिकरणले समन्वय गर्ने । आवश्यक परेमा विदेशी विज्ञ सर्भेयरको सेवा समेत लिन सक्ने ।
३. विपद्को विशेष परिस्थितिलाई ध्यानमा राखी दावी प्रक्रियाका लागि आवश्यक कागजात (Documentation) सम्बन्धी साविकको कार्यविधिलाई नेपाल वीमा प्राधिकरणले सरल बनाउने ।
४. भोटेकोशी बाढीको वीमा दावी र भुक्तानीको दैनिक अवस्था (Status of Claims) अनुगमन गर्ने, कम्पनीहरूको तरलता (Cash Flow) व्यवस्थापन गर्ने र पुनर्विमा शोधभर्ना (Reinsurance Recovery) लाई तीव्र बनाउन नेपाल वीमा प्राधिकरणमा एक 'Dedicated Task Force' गठन गर्ने ।

मिति :- वि.सं. २०८३/०५/१७

अमृत लम्साल

(सहसचिव एवम् प्रवक्ता)

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, ४२११३००, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, योजना, अनुगमन तथा मू.म. ४२००५३७, कानून तथा फैसला का.म. ४२११८१३, वि.क्षे.व्य. तथा सं.स.म. ४२११९९३, वि.सं.स.म. ४२११३१६
फ्याक्स नं. ४२१११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईटः www.mof.gov.np